puthauttargangamun.gov.np
info@puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८१।०८२
सूचना नं. : ४८

मिति:२०८१।१२।२२
ने.सं.: (११४५ चौलाथ्व, ०७ शुक्रबार)

## पालिका करार शिक्षक/ कर्मचारी पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन !

पुथा उत्तरगङ्गा गाउँपालिकाअन्तर्गतको शिक्षा समितिको प्रतिवेदनको आधारमा पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको मिति २०८१।१२।२१ गते सम्पन्न ४० औं बैठकको निर्णयबमोजिम यस पुथा उत्तरगङ्गा गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा देहायका पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा देहाय बमोजिम उल्लिखित माग पद सङ्ख्यामा करार पदपूर्ति गर्नुपर्ने भएकोले देहायबमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले भौतिक/ई-मेल मार्फत तोकिएको मितिभित्र दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| विज्ञापन नं. | पद | तह/श्रेणी | विषय | माग पद सङ्ख्या | आवश्यक न्यूनत्तम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १०-२०८१।०८२ | विद्यालय सहयोगी | श्रेणीविहीन | - | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी. वा सो सरह उत्तीर्ण। |
| ११-२०८१।०८२ | सामुदायिक सञ्चालित बालविकास शिक्षक | - | - | ८ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण। |
| १२-२०८१।०८२ | शिक्षक | साविक प्रा.वि. (४-५) | - | ११ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। साथै कम्तिमा सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको। |
| १३-२०८१।०८२ | शिक्षक | साविक नि.मा.वि. (६-८) | गणित | ८ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा १०+२ वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको। साथै कम्तीमा सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको। |
| १४-२०८१।०८२ | | | विज्ञान | ३ | |
| १५-२०८१।०८२ | | | अङ्ग्रेजी | ८ | |
| १६-२०८१।०८२ | | | नेपाली | ९ | |
| १७-२०८१।०८२ | शिक्षक | साविक मा.वि. (९-१०) | गणित | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। र माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको। |
| १८-२०८१।०८२ | | | अङ्ग्रेजी | १ | |
| १९-२०८१।०८२ | | | नेपाली | २ | |
| २०-२०८१।०८२ | | | सामाजिक | ४ | |
| २१-२०८१।०८२ | शिक्षक | उ.मा.वि. (११-१२) | नेपाली | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको। र माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको। |

**१. परीक्षाको किसिम :** क) लिखित परीक्षा (सामान्य र विषयगत)

ख) अन्तर्वार्ता ।

ग) प्रयोगात्मक सीप परीक्षण / सामुहिक परीक्षण (आवश्यक हुने पदमा)

**२. परीक्षा सञ्चालन मिति, समय र केन्द्र :** पछि तोकिने छ ।

**३. दरखास्त दस्तुर :** बालविकास शिक्षक पदका लागि रु. ३००, प्राथमिक तहका लागि रु. ५००, निम्न माध्यमिक तहका लागि रु. ७०० र माध्यमिक तहका लागि रु. १०००, उमाविका लागि रु. १२००।

**४. दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशन भएको मितिले १५ दिन वा मिति २०८२।०१।०५ गतेसम्म ।

**५. उम्मेदवारको उमेर हद :** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**६. दरखास्त बुझाउने स्थान :** पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको कार्यालय वा ई-मेल मार्फत puthauttargangamun@gmail.com मा पठाउन सकिनेछ । र दरखास्त फाराम यस पुथा उत्तरगङ्गा गाउँपालिकाको कार्यालय वा Website को डाउनलोड्स मेनुको **'फारामहरू'** भित्र गई प्राप्त गर्न सकिनेछ ।

**७. दरखास्त दस्तुर बुझाउने बैंक र विधि :** यस गाउँपालिकाको सिद्धार्थ बैंक लि. मा रहेको आन्तरिक राजश्व खाताको नाम PUTHA UTTARGANGA GAUNPALIKA GA 1.1 ANTARIK RAJASHWA KHATA र खाता नम्बर 01415359946 मा तोकिए बमोजिमको रकम दाखिला गर्ने ।

**८. सेवा सुविधा :** यस गाउँपालिकाको कार्यविधि बमोजिम ।

**९. आवश्यक कागजातहरू :** नेपाली नागरिकताको प्रमाणपत्र, हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति, न्यूनत्तम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, तालिमको प्रमाणपत्र, स्थायी अध्यापन अनुमति पत्र, समकक्षता प्रमाणपत्र (विदेशी शैक्षिक संस्थाबाट अध्ययन गरेकाको हकमा) र रकम जम्मा गरेको भौचर ।

१०. ई-मेल मार्फत दरखास्त बुझाउने उम्मेदवारहरूले प्रवेश पत्र वितरण हुँदा सक्कल दरखास्त संलग्न गर्नुपर्नेछ ।

**पुनश्च :** शिक्षक सेवा आयोगको २०८०।०८१ को विज्ञापनबाट वैकल्पिक/अस्थायी योग्यताक्रमको सूचीमा परेका उम्मेदवारहरूलाई विशेष प्राथमिकता दिईनेछ ।

पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय स्थानीय सरकार तकसेरा, रुकुम (पूर्वी भाग) लुम्बिनी प्रदेश, नेपाल २०७३

पदपूर्ति संयोजक